# साना किसान विकास बैंक लि.

## नवौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका (माइन्यूट)

### 1. वैधानिक सभा

साना किसान विकास बैंक लि.(लघुवित्त विकास बैंक)को मिति २०६७ साल पुस ८ गते विहिवार बसेको संचालक समितिको १४०औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्ध पत्र र नियमावली बमोजिम यस बैंकको नवौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गर्ने निर्णय भएको थियो ।

#### 1.1. सभाको मिति, स्थान र समय

मिति : २०६७ पुस ३० गते शुक्रवार (January 14, 2011)

स्थान : कृषि विकास बैंक लि., केन्द्रीय तालिम प्रतिष्ठान, बोडे भक्तपुर

समय : विहान १०.०० बजे

#### 1.2. छलफलका विषयहरु

(क) सामान्य प्रस्ताव

१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहित २०६७ आषाढ मसान्तको वासलात र मिति २०६६/०४/०१ देखि २०६७/०३/३२ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु स्वीकृत गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०६२ को दफा ६५ बमोजिम रिक्त लेखा परीक्षक पदमा सी.ए. महेश खनाल, पार्टनर राज एम. एस. एण्ड कम्पनीलाई सञ्चालक समितिले नियुक्ति गरेकोमा सोलाई  समर्थन गर्ने सम्वन्धमा ।

४. आ.व. २०६७/०६८ को लागि लेखापरीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (सी.ए. महेश खनाल, पार्टनर राज एम. एस. एण्ड कम्पनी पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) ।

५. शेयरधनी साना किसान सहकारी संस्था लि. हरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने तीन जना सञ्चालकको निर्वाचन गर्ने ।

६. विविध ।

(ख) विशेष प्रस्ताव

१. बैंकको चुक्ता पूँजी बृद्धि गर्ने र सो अनुसार सञ्चालक समितिको गठन लगायतका विषयमा प्रवन्धपत्रको दफा ५ र ९ र नियमावलीको नियम ८ र १३ को संशोधन

प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक फेरवदल गर्न बैंकको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

## 2. सभाको सूचना

साधारण सभाको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार सो सभामा छलफल हुने विषयहरु, मिति र स्थान सहितको विवरण खुलाई मिति २०६७।०९।०९ र मिति २०६७।०९।११ को कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित गर्नुका साथै बैंकको वेभसाईटमा समेत राखिएको थियो । यसका अतिरिक्त वार्षिक साधारण सभा बस्ने सूचनाको साथै संक्षिप्त वार्षिक आर्थिक विवरण प्रत्येक शेयरधनी संस्थाको ठेगानामा यथासमयमा पठाइएको थियो ।

## 3. उपस्थिति

### 3.1. कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | |
|---|---|
| १. श्री खेम बहादुर पाठक | अध्यक्ष |
| २. श्री सागर चन्द्र जोशी | सञ्चालक |
| ३. श्री सुदर्शन प्रसाद पोखरेल | सञ्चालक |
| ४. डा. शिवराम प्रसाद कोईराला | सञ्चालक |
| ५. श्री सुखदेव न्यौपाने | सञ्चालक |
| ६. श्री चाँदनी ढकाल | सञ्चालक |

### 3.2. अन्य उपस्थिति/पर्यविक्षक

१. श्री रुद्र भट्टराई महाप्रबन्धक, नेपाल कृषि सहकारी केन्द्रीय संघ, पुल्चोक, ललितपुर

### 3.3. अन्य पदाधिकारीको उपस्थिति

| | |
|---|---|
| १. श्री जलन कुमार शर्मा | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री झलेन्द्र भट्टराई | कम्पनी सचिव |

### 3.4. शेयरधनीहरुको उपस्थिति

१. कृषि विकास बैंक लि., प्रतिनिधि श्री मुकेश राज श्रेष्ठ

२. नेपाल बैंक लि., प्रतिनिधि श्री राम प्रसाद नेपाल

३. २३१ वटा साना किसान सहकारी संस्थाहरु मध्येबाट २१२ वटा संस्थाका प्रतिनिधिहरु

## 4. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल शेयरधनी संस्था संख्या | उपस्थित शेयरधनी संस्था संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| कृषि विकास बैंक लि. | १ | १ | ३४.२१ |
| नेपाल बैंक लि. | १ | १ | ३.८८ |
| नबिल बैंक लि. | १ | ० | ० |
| साना किसान कृषि/महिला सहकारी संस्था लि. हरु | २३१ | २१२ | ४९.६१ |
| **जम्मा** | २३४ | २१४ | ८७.७ |

## 5. सभाको वैधानिकता र सभा सञ्चालन

5.1. कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको नवौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या २१४ भएको र कुल शेयरको ८७.७ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

5.2. सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र यस बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले बैंकका संचालक समितिका अध्यक्षज्यूलाई अनुरोध गर्नुभएपछि बैंकका संचालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो ।

5.3. साधारण सभामा उपस्थित शेयरधनीहरुलाई कम्पनी सचिवको अनुरोध र अध्यक्षज्यूको सहमतीबाट प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्माले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

5.4. पूर्व निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णयार्थ सभा संचालन गर्न सभाका अध्यक्षबाट अनुमती भए पश्चात साधारण सभाको कार्यक्रम प्रारम्भ भयो ।

## 6. वार्षिक साधारण सभाको प्रस्तुती

6.1. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०६६/६७ को सञ्चालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो ।

6.2. अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले इच्छुक शेयरधनी महानुभावहरुलाई आ-आफ्नो विचार, जिज्ञासा, सुझावका लागि आह्वान गर्नुभयो ।

## 7. छलफलमा शेयरधनीबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरु

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको विचार, जिज्ञासा तथा सुझावहरुलाई तल प्रस्तुत गरिएको छ ।

परशुराम काफ्ले, साना किसान कृषि सहकारी संस्था लि., महाभारा, झापा

- बैंकमा साना किसान सहकारी संस्थाहरुको ६० प्रतिशत शेयर स्वामित्व भएता पनि संचालक समितिमा ३ जनाको मात्र प्रतिनिधित्व हुने व्यवस्था के हो प्रष्ट पारिदिन अनुरोध छ ।
- बैंकका संचालक समितिमा सक्षम व्यक्तिका साथ साथै महिला, जनजाति र मधेशीको पनि प्रतिनिधित्व हुने व्यवस्था गरिनु पर्दछ । वर्ग, लिङ्ग र जातमा भेदभाव गर्नु भएन ।

  चन्द्रदीप यादव - अध्यक्ष, साना किसान कृषि सहकारी संस्था, गोविन्दपुर
- एकै आ.व.मा २ पटक व्याज दर वृद्धि गरिदा संस्थालाई मर्का परेको छ यसमा पुर्नविचार हुनु पर्‍यो ।

  नारायण अर्याल - साना किसान कृषि सहकारी संस्था, मधवलीया, रुपन्देही
- स्वीकृत ऋण लगानी भएपछि मात्र किस्ता राखिदिने र शुरुको ६ महिना पछि मात्र किस्ता राखि त्यस पछि ३/३ महिना किस्ता तोकिदिनु पर्दछ ।

  साना किसान सहकारी संस्था देवदह, रुपन्देहीका अध्यक्ष
- बैंकले संस्थालाई वार्षिक बजेट वनाउन लगाउने तर त्यसको आधारमा ऋण दिन नसक्ने हुँदा संस्थाले अन्यत्र स्रोत खोज्नु पर्ने अवस्था आएको छ ।

  वालकृष्ण तिवारी - साना किसान कृषि सहकारी संस्था लि. गंगोलिया
- सामाजिक तथा सामुदायिक कार्यक्रममा आउने अनुदान ज्यादै न्यून भयो बढाउनु पर्दछ ।
- साना किसान सहकारी संस्थाको लागि भवन निर्माण र जग्गा खरिद गर्न पहिला घुम्ति कोषको व्यवस्था थियो । हाल त्यो पाउन सकिन्छ कि सकिन्न ?

  फणिकान्त छत्कुली, साना किसान कृषि सहकारी संस्था लि. सल्यानटार, धादिङ्ग
- कमजोर साना किसान सहकारी संस्थाको सुदृढीकरणका लागि अन्य सक्षम संस्थाका कर्मचारी पठाउने व्यवस्था हुनु पर्‍यो र अध्यक्षहरुलाई पनि त्यस कार्यमा पारिश्रमिकको व्यवस्था गर्नु पर्‍यो ।

  प्रतिनिधि, साना किसान कृषि सहकारी संस्था लि. विष्णुपुर, सिराहा
- संस्थाका संचालक समितिका सदस्य र लेखा समितिलाई तालिम तथा भ्रमणको व्यवस्थ गर्न जरुरी देखिएको छ ।

  रामचन्द्र यादव, साना किसान कृषि सहकारी संस्था लि. महेन्द्रनगर, धनुषा
- साना किसान सहकारी संस्था लि.इलाका कार्यालय, जनकपुरमा धेरै लामो समयसम्म खाता संचालन नहुँदा ऋण कारोवारमा कठीनाई भएको छ ।

  नवराज लुईटेल, साना किसान कृषि सहकारी संस्था लि.जुरोपानी, झापा
- ऋणमोचन कोषमा रहेको रकमबाट संस्थाको संचित नोक्सानी कटाई बाँकी रकमलाई कोषमा नै राख्ने व्यवस्था भएमा संस्थाको वासलात धनात्मक भई सहयोगी निकायबाट सहयोग लिन सकिने अवस्था आउने थियो । यसका लागि अनुमति दिनु पर्‍यो ।

  आमोदनाथ चौधरी-अध्यक्ष, साना किसान कृषि सहकारी संस्था लि.तिलकपुर
- कमजोर संस्थामा वाह्य सहयोगबाट कर्मचारी खटाई सुधार ल्याउने कार्य भएको छ । मेरो संस्था पनि कमजोर भएकोले कर्मचारी खटाईदिनु पर्‍यो ।

  प्रतिनिधि-साना किसान कृषि सहकारी संस्था लि.वांगेसाल, प्यूठान
- साना किसान सहकारी संस्था लि. ले उपयोग गरेको घर जग्गा अहिले सम्म पनि कृषि विकास बैंकको नाममा रहेको छ । सो भवन जग्गा संस्थाको नाममा नामसारी हुन्छ हुँदैन ? यदि हुन्छ भने कहिले सम्ममा हुने हो ?

अन्य विविध प्रश्नहरु (नाम उल्लेख नभएका)

- सर्वसाधारणलाई जारी हुने ३० प्रतिशत शेयर साना किसानहरुले नै पाउने व्यवस्था गर्न बैंकले पहल गर्नु पर्‍यो ।
- बैंकले संस्थालाई ऋण लगानी गर्दा संस्थाको खर्च वढ्नका साथै अव्यवहारिक भएकोले १ वर्षे किस्ता निर्धारण हुनुपर्‍यो ।
- सुदुर पश्चिमाञ्चलमा बैंकको इलाका कार्यालय नहुँदा त्यस भेगलाई कर्जा कारोवार गर्न कठीनाई भएको छ ।
- मासुजन्य उत्पादनका लागि सरकारबाट प्राप्त सहुलियत व्याज दरको कर्जा र संस्थाको नियमित लगानीको व्याजमा फरक आउँदा संस्थालाई समस्या खडा हुने देखिएकाले यस विषयमा ध्यान दिनु जरुरी देखिन्छ ।
- संस्थामा ग्रामीण पशु स्वास्थ्य कार्यकर्तालाई तालिम दिने व्यवस्था मिलाईदिनु पर्‍यो ।
- साना किसान विकास बैंकमा साना किसान सहकारी संस्था लि. का सदस्य परिवारबाट कर्मचारी किन राखिदैन ? किसानका छोरा छोरीले बैंक व्यवस्थापन गर्न सक्दैनन् र ?
- जुन संस्थाको अध्यक्षले नियमित १० वर्ष देखि १५ वर्षसम्म संस्था संचालन गरीरहेका छन् त्यस्ता अध्यक्षको विषयलाई बैंकले केही सोंच राखिदिनु पर्दछ ।
- आवत जावतमा संस्थाको धेरै खर्च हुने गरेकाले लाहानमा एक इलाका कार्यालय राख्नु पर्‍यो ।
- साना किसान विकास बैंकको इलाका कार्यालय जनकपुरको सट्टा ढल्केवारमा राखिएमा त्यस क्षेत्रका संस्थालाई पायक पर्ने थियो ।
- कमाएको खुद नाफा मध्ये ज्यादै कम मात्र शेयर सदस्यलाई लाभांश वितरण गरिएको छ । कम्पनी ऐन अनुसार वितरण योग्य नाफा वितरण गर्दा आईपर्ने कठीनाई बारे प्रष्ट पारिदिनु होला ।
- सहकारी संस्थाहरुको तर्फबाट बैंकमा प्रतिनिधित्व गर्ने सदस्यको न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्र तह पास भएको भन्ने प्रस्ताव पेश गर्नुपर्‍यो ।
- एक संस्था एक भोटको व्यवस्था हुनु पर्दछ ।
- बैंक संचालक सदस्यको बैठक भत्ता वढी छ घटाउन पर्‍यो ।
- वित्तीय विवरणमा उल्लेख भएको स्थगन कर बारे प्रस्ट पारी दिनु पर्‍यो ।

## 8. सभामा पेश भएका सुझाव तथा जिज्ञासाहरुको जवाफ

छलफलमा भाग लिने सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद दिँदै त्यहाँ उठेका जिज्ञासाहरुको जवाफ अध्यक्ष श्री खेम बहादुर पाठक र केही प्रश्नहरुको जवाफ अध्यक्षज्यूको आज्ञाले सदस्य श्री सुदर्शन प्रसाद पोखरेल, प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मा र कम्पनी सचिव श्री झलेन्द्र भट्टराईले दिनुभएको थियो ।

- ऋण लगानीको ग्रेस अवधि र किस्ताको सम्बन्धमा संस्थाको मर्कालाई समेत ध्यानमा राखी नीति सुधार हुँदै जानेछ ।
- संस्थाले उपयोग गरिरहेको जग्गा भवन सम्वन्धित संस्थाको नाममा नामसारी गरिदिन कृषि विकास बैंकसँग नियमित छलफल भएको छ । नामसारी गर्नुपर्ने सम्पूर्ण संस्थाका जग्गा भवनको विवरण सहित मिसिल कृषि विकास बैंकमा प्राप्त भएपछि नामसारी गरिदिने बैंकले जनाएको हुँदा मिसिल अविलम्व कृषि विकास बैंकमा पठाई दिन अनुरोध गर्दछु ।

- आ.व. २०६६/६७ मा बैंकले कमाएको खुद मुनाफाबाट लाभांश वितरण गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ अनुसार सर्वसाधारणमा शेयर जारी नगरेसम्म लाभांश वितरण गर्न नपाईने भन्ने व्यवस्था भएकोले बैंकले लाभांश वितरण नगरेको हो ।
- सर्वसाधारणमा शेयर जारी नगर्दा सम्म धेरै नीतिगत अप्ठ्याराहरु पर्न गएको छ । सर्वसाधारणमा जारी शेयर खरीदमा सकेसम्म साना किसान परिवारहरु संलग्न हुन पाउने व्यवहारिक बाटो कानुन सम्मत ढंगवाट हामी आफैंले खोज्नु पर्दछ ।
- संस्थाका अध्यक्ष तथा लेखा समितिका पदाधिकारीलाई उपलब्ध स्रोतको आधारमा लेखा समिति सम्वन्धी तालिमको व्यवस्था गरिनेछ । तर, तालिम पश्चात् लेखा सम्वन्धी कार्यमा नियमित सक्रिय हुन जरुरी छ ।
- कर्जाको ब्याज दरमा बजारमा उपलब्ध हुने स्रोतको महत्वपूर्ण भुमिका हुन्छ । हाल वाणिज्य बैंकहरुले लिने व्याजदर १२ प्रतिशत सम्म रहेको परिप्रेक्ष्यमा बैंकबाट ११.५ प्रतिशतमा संस्थालाई लगानी गरेका छौं । उपलब्ध वित्तीय स्रोतहरुको उचित व्यवस्थापनवाट मात्र सम्भव भएको हो । बाणिज्य बैंकहरुको व्याज दर अझै वढ्न सक्ने देखिएकाले नेपाल सरकार र दातृ संस्थासँग वित्तीय स्रोतको माग गरेका हौं । त्यसै अनुरुप नेपाल सरकार मार्फत मासुजन्य पशुपालनका लागि सहुलियत व्याज दरको ऋण प्रकृया अघि बढाईएको छ ।
- बैंकको नियमानुसारको कर्मचारी छनौट प्रकृयाको प्रतिस्प्रर्धाबाट साना किसान परिवारका सदस्य पनि बैंक सेवामा प्रवेश गरेका छन् ।
- बाली विमा तथा पशु विमा सम्वन्धमा कृषि विकास बैंकसँग छलफल गरी निर्णय गरिने छ । बिगतमा पनि ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताको तालिम दिइएको र आगामी दिनमा पनि ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताको तालिम संचालनका लागि आवश्यक पहल गरिने छ ।
- सामाजिक सामुदायिक कार्यक्रम र संस्थाको घर वनाउने विषयमा हाल सहुलियत दरमा कर्जा परिचालन गरी यस्ता कार्य गर्न सुझाव प्राप्त भएको छ । तालिम, भवन निमार्ण र अनुसरण कार्यक्रमका संचालन गर्ने बजेटबारे पनि अर्थ मन्त्रालयसँग छलफल गरिने छ ।
- संचालकको बैठक भत्ता अन्य बैंकको भन्दा कम छ तर कम भए पनि नेपाल राष्ट्र बैंकको नियमले सर्वसाधारणमा शेयर जारी नगरे सम्म सो भत्ता वढाउन सकिने अवस्था छैन ।

प्रमुख कार्यकारी अधिकृत श्री जलन कमार शर्माले सभामा उठेका प्रश्न, जिज्ञासा तथा सुझाव बारे दिनु भएको प्रतिउत्तर निम्नानुसार रहेको छ ।

- लेखा परीक्षकको पारिश्रमिक आ.व. २०६६/६७ मा रु ५० हजार निर्धारण भएको र चालू आ.व. का लागि रु ५५ हजार प्रस्ताव गरिरएको छ ।
- नेपाल सरकार अर्थ मन्त्रालयको परिपत्र अनुसार नै नेपाल सरकारबाट प्रदान भएको ऋण मिनाहाबाट मुनाफामा पर्ने प्रभाव बराबरीको रकम संस्थामा ऋण मोचन कोष खडा गरी राख्ने व्यवस्था गरिएको हो । यसमा बैंकले अलग निर्णय गर्न सक्दैन ।
- नेपाल सरकारबाट प्राप्त स्रोतबाट किसानलाई सहुलियत दरमा ऋण दिनु राम्रो हो । तर, एकै शीर्षकमा दुई थरीको व्याज निर्धारण हुने हुँदा यसको समुचित व्यवस्थापन प्रति हामी सजग हुनै पर्छ । यहि प्रयोजनका लागि एउटा छुट्टै कार्यविधि बनाई लागु गरिनेछ । नेपाल सरकारले साना किसान सहकारी संस्थाहरु लाई मात्र यस्तो सुविधा दिने उल्लेख भएको छ ।

साना किसान सहकारी बाहेक अन्य संस्थालाई पनि समावेश गराउँदा हाम्रो क्षमताले भ्याउने नभ्याउने सोच्नु पर्दछ । कर्जा लगानीबाट संस्था बलियो हुनुपर्‍यो, स्थापित मुल्य, मान्यता र प्रकृयाहरु बिग्रन दिनु हुँदैन । साना किसान सहकारी संस्थामा प्रकृया छ, पद्धति छ, त्यसैले सरकारले विश्वास गरेको छ । यो हामी सबैको लागि गर्वको विषय हो ।

- संस्थाले आफैं व्यवसाय गर्ने कर्जा प्रदान गर्ने सम्वन्धमा समितिमा पेश हुनेछ र यसमा के गर्न सकिन्छ सोचिने छ । विगतमा कोल्ड स्टोरेज संचालन गर्न कृषि विकास बैंकले संस्थालाई कर्जा लगानी गर्दा सफल नभएको उदाहरण पनि हाम्रो सामु रहेकोछ ।
- संस्थाको भवन निर्माणका लागि जी.टी.जेड.बाट प्राप्त घुम्ति कोषको रकम कृषि विकास बैंकमा फर्की सकेको छ । यस सम्वन्धमा जि.टि.जेड र कृषि विकास बैंकसँग छलफल गरी कृषि विकास बैंकसँग भएको बाँकी घुम्तिकोष दिनका लागि अनुरोध गर्नेछौं ।
- बैंकको संचालक समितिमा महिला र जनजाति पनि आउनु राम्रो हो । तर, हामीले बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन र कम्पनी ऐन अनुसार नै संचालक छनौट गर्नुपर्दछ ।
- वित्तीय र व्यवस्थापकीय पक्षहरुमा तुलनात्मक रुपमा कमजोर देखिएका संस्थाहरु मध्येबाट प्राथमिकताको आधारमा पुनरसंरचनाका लागि छनौट गरिएकाछन् । यो प्रयासको परिणाम हेरी आगामी दिनमा के गर्ने भन्ने बारेमा योजना बनाईनेछ । सबै संस्थाहरु ‘क’ श्रेणीको हुनुपर्छ भन्ने हाम्रो सोचाई छ । संस्था बलियो हुँदा बैंक बलियो हुन्छ र साना किसान कार्यक्रम नै राम्रो भई मुलुकको गरिबी निवारणमा अग्रणी भुमिका खेल्ने नमुना कार्यक्रमको रुपमा स्थापित हुनेछ ।
- कमजोर संस्था पुनरसंरचना गर्नका लागि एशियाली विकास बैंकको सहयोगमा ६ महिनाका लागि तालिम संयोजक, सह-संयोजक र फिल्ड प्रशिक्षकहरुको व्यवस्था गरिएको हो । यसमा बैंक स्रोतबाट खर्च हुँदैन । बिकट क्षेत्रमा खटिन पर्ने, जुनसकै समयमा पनि काम गर्नु पर्ने र २/३ वटासम्म संस्थामा अनुगमन, निरीक्षण, प्राविधक सहयोग र तालिम दिनु पर्ने भएकाले सो को लागि आवश्यक पर्ने न्युनतम पारिश्रमिक दिईएको हो । कमजोर संस्था सुधार नभएमा एशियाली विकास बैंकबाट थप सहयोग लिन गाह्रो हुने हुँदा छोटो समयका लागि खुल्ला प्रतिस्पर्धाबाट पारदर्शी रुपमा उनीहरुको छनौट गरि सेवा लिईएको हो । त्यसमा साना किसान सहकारी संस्थाका अध्यक्ष, प्रवन्धक र कर्मचारी पनि छनौट हुनुभएको छ । उहाँहरुको कार्य सम्पादनबाट छोटो समयमा पनि नतिजा उत्साहप्रद आएकोछ । एक पटक बाटोमा आए पछि संस्था पछि पनि ठीक ढंगबाट अगाडि गएको देखिएको छ ।
- विज्ञापन गरिएको पदमा योग्यता पुगेका जोसुकैले पनि परीक्षामा भाग लिन पाउने हुँदा प्रतिष्पर्धामा कमजोर संस्थाका कर्मचारी पनि परेका हुन सक्दछन् । यदि त्यस्ता कर्मचारीले राम्रो गर्न नसकेमा कार्य सम्पादनको आधारमा पछिका अवसरहरु कटौति हुनसक्दछ ।
- कार्य क्षेत्र ठूलो भएकाले नियमित निरीक्षण र सुपरिवेक्षण गर्न नसकिदा इलाका कार्यालयको माग भएको होला । तर, इलाका कार्यालय थप हुँदा खर्च बढ्ने र सोको प्रत्यक्ष प्रभाव व्याजदरमा पर्ने भएकोले हाल कायम इलाका कार्यालयहरुबाटै छिटो छरितो वा पुर्‍याउने पट्टी ध्यान दिइने छ ।
- सबै साना किसान सहकारी संस्थाहरु कमप्युटरकृत हुनुपर्दछ भन्ने हाम्रो चाहना हो । यसमा बैंकले पनि सहयोगका उपायहरुको खोजी गरिरहेको छ ।

बैंकका संचालक श्री सुदर्शन पोखरेलले स्थगन कर सम्बन्धी प्रश्नलाई स्पष्ट पार्नुभएको थियो । बैंकका कम्पनी सचिव तथा वरिष्ठ प्रवन्धक श्री झलेन्द्र भट्टराईले उठेका जिज्ञासा उपर देहाय बमोजिम स्पष्ट पार्नुभयो ।

- बैंकको चुक्ता पुँजीको ३० प्रतिशत शेयर सर्वसाधारणमा जारी गर्नुपर्ने व्यवस्था बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०६३ मा रहेको छ । सर्वसाधारणमा जाने शेयरलाई साना किसानहरुलाई मात्र वितरण गर्ने भनी व्यवस्था गर्न कानुन सम्मत देखिदैन ।
- धितोपत्र निश्काषन निर्देशिका २०६५को दफा ३(१) मा "सार्वजनिक निश्काषन गर्न चाहने संगठीत संस्थाको प्रबन्धपत्र र नियमावलीमा शेयर समुहको स्वामित्वको अनुपात अनुसार सञ्चालक समितिमा प्रतिनिधित्व हुने व्यवस्था हुनु पर्ने" व्यवस्था रहेको छ । यस प्रकार शेयर स्वामित्वको आधारमा साना किसान सहकारी संस्थाहरु मध्येबाट ३ जना, कृषि विकास बैंक लि.बाट १ जना, नेपाल बैंक लि. र नबिल बैंक लि.बाट आलोपालो गरी १ जना, सर्वसाधारण समूहबाट २ जना तथा प्रचलित कानून अनुसार विशेषज्ञ संचालक १ जना गरी समितिमा ८ जनाको प्रतिनिधित्व हुने व्यवस्था गरिएको हो ।

## 9. सभाको निर्णय

छलफलमा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सुचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने निर्णय भयो :

**(क) सामान्य प्रस्ताव**

*१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।*

निर्णय

आर्थिक वर्ष २०६६/६७ को लागि संचालक समितिको वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

*२. लेखापरीक्षकको प्रतिवेदनसहित २०६७ आषाढ मसान्तको वासलात र मिति २०६६/०४/०१ देखि २०६७/०३/३२ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु स्वीकृत गर्ने सम्बन्धमा ।*

निर्णय

लेखापरीक्षकको प्रतिवेदन सहित २०६७ आषाढ मसान्तको वासलात, मिति २०६६/०४/०१ देखि २०६७/०३/३२ सम्मको नाफा नोक्सानीको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु सर्वसम्मतीवाट स्वीकृत गरियो ।

*३. बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०६२ को दफा ६५ बमोजिम रिक्त लेखा परीक्षक पदमा सी.ए. महेश खनाल, पार्टनर राज एम. एस. एण्ड कम्पनीलाई सञ्चालक समितिले नियुक्ति गरेकोमा सोलाई समर्थन गर्ने सम्वन्धमा ।*

निर्णय

बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०६२ को दफा ६५ बमोजिम रिक्त लेखा परीक्षक पदमा सी.ए. महेश खनाल, पार्टनर राज एम. एस. एण्ड कम्पनीलाई सञ्चालक समितिले नियुक्ति गरेकोमा सोलाई समर्थन गरियोस् भनी सभामा प्रस्तुत यस प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

*४. आ.व. २०६७/०६८ को लागि लेखापरीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा (सी.ए. महेश खनाल, पार्टनर राज एम. एस. एण्ड कम्पनी पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) ।*

निर्णय

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ.व. २०६७।६८ को लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभामा पेश गरिएको प्रस्तावलाई सभाले लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम श्री महेश खनाल, पार्टनर राज एम.एस.एण्ड कम्पनी, चार्टड एकाउन्टेन्सलाई नियुक्त गर्ने र निजको लेखापरीक्षण पारिश्रमिकको हकमा रु.५५,०००।- (अक्षरेपी पचपन्न हजार मात्र) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

*५. शेयरधनी साना किसान सहकारी संस्था लि. हरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने तीन जना सञ्चालकको निर्वाचन सम्बन्धमा ।*

निर्णय

उपरोक्त ४ वटा सामान्य प्रस्ताव र १ विशेष प्रस्ताव सभामा निर्णय भईसकेपछि यस प्रस्ताव अनुसार निर्वाचन कार्य प्रारम्भ गरिएको थियो ।

शेयरधनी साना किसान सहकारी संस्था लि. हरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने तीन जना सञ्चालकको निर्वाचनका लागि बैंकको सञ्चालक समितिले श्री पोषण राज लामिछाने (अधिवक्ता) को संयोजकत्वामा गठित पाँच सदस्यीय निर्वाचन समितिले बैंकको "शेयरधनी साना किसान सहकारी संस्था लि.हरु मध्येबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन निर्देशिका, २०६७" बमोजिमको प्रक्रिया अपनाई निर्वाचन गराउँदा सो निर्वाचनको आधारमा बढी मत प्राप्त गर्ने क्रमशः देहाय बमोजिमका उम्मेद्वारहरु बैंक सञ्चालक समितिको सदस्य पदमा बिजयी हुनु भएको घोषणा गरेको थियो ।

१. श्री खेम बहादुर पाठक
   प्रतिनिधि संस्था - साना किसान कृषि सहकारी संस्था लि., चैनपुर, धादिङ्ग
२. श्री चाँदनी ढकाल
   प्रतिनिधि संस्था - साना किसान कृषि सहकारी संस्था लि., उत्तरगंगा, सुर्खेत
३. श्री धर्मराज आत्रेय
   प्रतिनिधि संस्था - साना किसान कृषि सहकारी संस्था लि., दुधराक्ष, रुपन्देही

**(ख) विशेष प्रस्ताव**

*१. बैंकको चुक्ता पुँजी बृद्धि गर्ने र सो अनुसार सञ्चालक समितिको गठन लगायतका विषयमा प्रवन्धपत्रको दफा ५ र ९ र नियमावलीको नियम ८ र १३ को संशोधन प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक फेरवदल गर्न बैंकको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।*

निर्णय

बैंकको चुक्ता पुंजी बृद्धि गर्ने र सो अनुसार सञ्चालक समितिको गठन लगायतका विषयमा प्रवन्धपत्रको दफा ५ र ९ र नियमावलीको नियम ८ र १३ को संशोधन प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक फेरवदल गर्न बैंकको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा बैंकको प्रबन्धपत्र र नियमावलीमा संलग्न तीन महलेमा उल्लेख भएको व्यहोरा बमोजिम देहाय अनुसार संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारित भयो । साथै प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक फेरवदल गर्न बैंकको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने निर्णय समेत पारित गरियो ।

(अ) प्रवन्धपत्र संशोधन

प्रवन्धपत्रको दफा ५ को (ग) र (घ) को सट्टामा देहायको दफा ५ (ग) र (घ) राखी संशोधन गरिएको छ-

*दफा ५ (ग):- लघु वित्त विकास बैंकको तत्काल चुक्ता पुँजी रु.१४,००,००,०००/- (अक्षरेपी चौध करोड मात्र) हुनेछ ।*

*दफा ५ (घ):- संस्थापक शेयरधनीहरुलाई समूह (क) मा र सर्वसाधारण शेयरधनीहरुलाई समूह (ख) मा राखिने छ । संस्थापक शेयरधनीहरुको ७० प्रतिशत र सर्वसाधारण शेयरधनीहरुको ३० प्रतिशत शेयर स्वामित्व हुनेछ । सर्वसाधारणलाई छुट्याइएको ३० प्रतिशत मध्येको पाँच प्रतिशतसम्म शेयर लघुवित्त विकास बैंकले आफ्नो कर्मचारीहरुको लागि छुट्याउने छ ।*

दफा ९ (१५):- *दफा ९ (१५) लाई खारेज गरिएको छ ।*

(आ) नियमावली संशोधन

नियमावलीको नियम ८ को २ (क) (ख) (ग) (घ) र (ङ) को सट्टामा देहायको नियम ८ को २ को (क) (ख) र (ग) राखी संशोधन गरिएको छ ।

*दफा ८. (२) यस लघु वित्त विकास बैंकमा ८ (आठ) जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा देहाय बमोजिमको प्रतिनिधित्व हुनेछ ।*

*(क) समूह-क संस्थापक शेयरधनी समूह : यस समूहका देहायका उपसमूहबाट देहाय अनुसार जम्मा पाँच जना*

*उपसमूह (क.१)  कृषि विकास बैंक लि.बाट मनोनीत एक जना,*
*उपसमूह (क.२)  नेपाल बैंक लि. र नविल बैंक लि. मध्येबाट आलो पालो गरी एक जना,*
*उपसमूह (क.३) साना किसान सहकारी संस्थाहरु मध्येबाट निर्वाचित ३ जना ।*

*(ख) समूह-खः सर्वसाधारण शेयरधनी समूह : सर्वसाधारण शेयरधनी मध्येबाट निर्वाचित दुई जना ।*

*(ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा २ बमोजिम सञ्चालक समितिबाट नियुक्त एक जना विशेषज्ञ सञ्चालक ।*

नियमावलीको नियम १३ को १ र २ को सट्टामा देहायको नियम १३ को १ र २ राखी संशोधन गरिएको छ ।

*नियम १३. (१) यस लघु वित्त विकास बैंकको सञ्चालकको पदमा समूह (क) संस्थापक शेयरधनी संस्थाहरुबाट र समूह (ख) सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व हुनेछ ।*

*(२)  उपनियम (१) बमोजिम सञ्चालक हुन त्यस्तो संस्था वा व्यक्तिले आफ्नो नाममा न्यूनतम १००(एक सय) थान शेयर लिएको हुनु पर्नेछ ।*

## 10. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

10.1. साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणीत गर्ने व्यहोरा सभालाई जानकारी गराईयो ।

10.2. छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सञ्चालक श्री शुखदेव न्यौपानेले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहांहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा नवौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा सम्बन्धित सबैलाई सञ्चालक समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्नु भयो ।

10.3. अन्त्यमा अध्यक्षज्यूबाट नवनिर्वाचित सञ्चालक सदस्यहरुलाई बधाई दिदै सम्पूर्ण शेयरधनीहरु तथा उपस्थित महानुभावहरुमा सभा सफलतापूर्वक सम्पन्न गर्नमा पुऱ्याउनु भएको सहयोग र सक्रिय सहभागिताको लागि धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| ............. | .............. |
| (झलेन्द्र भट्टराई) | (खेम बहादुर पाठक) |
| **कम्पनी सचिव** | **अध्यक्ष** |

## (बिशेष प्रस्तावसँग सम्बन्धित)

## साना किसान विकास बैंक लि. (लघु वित्त विकास बैंक) को

### १. प्रवन्धपत्र संशोधन सम्वन्धी प्रस्तावको तीन महले

| सि नं | दफा/ उपदफा | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | ५ (ग) | लघु वित्त विकास बैंकको तत्काल चुक्ता पुंजी रु. १२,३१,२९,५००।- (अक्षरेपी बाह्र करोड एकत्तिस लाख उनन्तिस हजार पाँच सय मात्र) हुनेछ । | लघु वित्त विकास बैंकको तत्काल चुक्ता पुंजी रु.१४,००,००,०००।- (अक्षरेपी चौध करोड मात्र) हुनेछ । | चुक्ता पुंजी बृद्धि गर्न आवश्यक देखिएकोले । |
| | ५ (घ) | सामान्यतः लघु वित्त विकास बैंकको शेयर सँगठित संस्थाहरुलाई जारी गरिनेछ । तर, लघुवित्त विकास बैंकले कूल जारी पुँजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणलाई विकी वितरण गर्नको लागी छुट्याउनु पर्नेछ । यसरी छुट्याईएको शेयरमध्ये पाँच प्रतिशत सम्म शेयर लघुवित्त विकास बैंकले आफ्नो कर्मचारीको लागि छुट्याउन सक्नेछ । | संस्थापक शेयरधनीहरुलाई समूह (क) मा र सर्वसाधारण शेयरधनीहरुलाई समूह (ख) मा राखिने छ । संस्थापक शेयरधनीहरुको ७० प्रतिशत र सर्वसाधारण शेयरधनीहरुको ३० प्रतिशत शेयर स्वामित्व हुनेछ । सर्वसाधारणलाई छुट्याइएको ३० प्रतिशत मध्येको पाँच प्रतिशतसम्म शेयर लघुवित्त विकास बैंकले आफ्नो कर्मचारीहरुको लागि छुट्याउने छ । | नियमावलीको नियम ८ र १३ मा संशोधन गर्न प्रस्ताव गरेबमोजिम मिलान गर्न संशोधन गर्नुपरेको । |
| २ | ९(१५) | लघु वित्त विकास बैंकको संस्थापकहरुले खरिद गरी बाँकी रहेको शेयर सार्वजनिक रुपमा बिक्री नगरी क्रमिक रुपमा साना किसान सहकारी संस्था लि. र अन्य लघुवित्त संस्थाहरुलाई बिक्री गरिनेछ । | खारेज गर्ने | सार्वजनिक रुपमा सर्वसाधारण शेयरधनीहरुलाई शेयर खरिद गर्ने व्यवस्था संशोधन गर्न प्रस्ताव भएबमोजिम नै प्रस्तुत दफा खारेज गर्न प्रस्ताव गर्नुपरेको । |

### २. नियमावली संशोधन सम्वन्धी प्रस्तावको तीन महले

| सि नं | नियम | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | कारण |
|---|---|---|---|---|
| १. | ८(२) | **सञ्चालकको संख्या र कार्यकाल:**<br>यस लघु वित्त विकास बैंकमा ८ (आठ) जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा देहाय बमोजिमको प्रतिनिधित्व हुनेछ ।<br>(क) कृषि विकास बैंक लि.बाट मनोनीत दुई जना,<br>(ख) नेपाल सरकार, अर्थ मन्त्रालयको प्रतिनिधि एक जना<br>(ग) शेयरधनी वाणिज्य बैंकहरु मध्येबाट एक जना<br>(घ) शेयरधनी साना किसान सहकारी संस्था लिमिटेडहरु मध्येबाट निर्वाचित ३ जना<br>(ङ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा २ बमोजिम सञ्चालक समितिबाट नियुक्त एक जना | **सञ्चालकको संख्या र कार्यकाल:**<br>(२) यस लघु वित्त विकास बैंकमा ८ (आठ) जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा देहाय बमोजिमको प्रतिनिधित्व हुनेछ ।<br>(क) समूह-क संस्थापक शेयरधनीसमूहः यस समूहका देहायका उपसमूहबाट देहाय अनुसार जम्मा पाँच जना<br>उपसमूह (क.१) कृषि विकास बैंक लि.बाट मनोनीत एक जना,<br>उपसमूह (क.२) नेपाल बैंक लि. र नविल बैंक लि. मध्येबाट आलोपालो गरि एक जना,<br>उपसमूह (क.३) साना किसान सहकारी संस्थाहरुमध्येबाट निर्वाचित ३ जना ।<br>(ख) समूह-खः सर्वसाधारण शेयरधनी समूहः सर्वसाधारण शेयरधनी मध्येबाट निर्वाचित दुई जना ।<br>(ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा २ बमोजिम सञ्चालक समितिबाट नियुक्त एक जना विशेषज्ञ सञ्चालक | नेपाल सरकारको सम्पूर्ण शेयर र कृषि विकास बैंकको केही शेयर साना किसान सहकारी संस्थाहरुमा विक्री वितरण भई शेयर संरचना/स्वामित्वमा परिवर्तन आएकोले संचालक समितिको प्रतिनिधित्व गर्ने संस्था र संख्यामा संशोधन गर्नुपरेको । |
| २ | १३ | **सञ्चालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या:**<br>(१) यस लघु वित्त विकास बैंकको सञ्चालकको पदमा शेयरधनी संस्थाबाट मात्र प्रतिनिधित्व हुनेछ ।<br>(२) उपनियम (१) बमोजिम सञ्चालक हुन त्यस्तो संस्थाले आफ्नो नाममा न्यूनतम १०० (एक सय) थान शेयर लिएको हुनु पर्नेछ । | **सञ्चालक र लिनु पर्ने न्यूनतम शेयर संख्याः**<br>(१) यस लघु वित्त विकास बैंकको सञ्चालकको पदमा समूह (क) संस्थापक शेयरधनी संस्थाहरुबाट र समूह (ख) सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व हुनेछ ।<br>(२) उपनियम (१) बमोजिम सञ्चालक हुन त्यस्तो संस्था वा व्यक्तिले आफ्नो नाममा न्यूनतम १०० (एक सय) थान शेयर लिएको हुनु पर्नेछ । | सर्वसाधारणबाट पनि प्रतिनिधित्व गर्न संशोधन प्रस्ताव भए अनुसार यस नियममा पनि संशोधन गर्नुपरेको । |